स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



आगामी असोज २ गतेदेखि प्रदर्शनमा आउने फिल्म "कार्की साइँला"को पहिलो गीत सार्वजनिक भएको छ। निर्माण टिमले मंगलबार काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै "लाग्यौ परान" बोलको गीत दर्शकमाझ ल्याएको हो। गीतको भिडिओमा फिल्मका मुख्य कलाकार जितु नेपाल र प्रियना आचार्यलाई प्रस्तुत गरिएको छ। यी दुईको प्रेमिल र रोमान्टिक केमेस्ट्रि भिडिओमा हेर्न सकिन्छ। श्रेय अगस्ती र बेनिशा पौडेलले गीतमा स्वर दिएका छन्। गीतमा मायाप्रेमको कुरा गरिएको छ।

**आजको विचार...**



कृष्णप्रसाद पौडेल

खन्चुवा... *(दुई पेजमा)*



बलिउड अभिनेता सलमान खानले आफ्नो स्वास्थ्यबारे फैलिएको चर्चामा पहिलो पटक प्रतिक्रिया दिएका छन्। पछिल्लो केही सातादेखि उनी निकै दुब्लाएको देखिएपछि सामाजिक सञ्जालमा उनको स्वास्थ्य अवस्थाबारे विभिन्न अड्कलबाजी भइरहेको थियो। प्राइम भिडिओको रियालिटी शो "अलाइन्स"मा सहभागी हुँदा सलमानले आफूले तौल घटाएको स्पष्ट पारे। कार्यक्रममा आफ्ना भाइ सोहेल खानसँग कुरा गर्दा उनले सोहेलको तौल पनि घटेको उल्लेख गरे।

❒ वर्ष ३२ ❒ अंक २० ❒ २०८३ साउन २० गते बुधबार 5 August 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## ‘दाइजो बेचेर खाडी पसेकी थिएँ, अहिले घर जग्गा जोडेँ’

**मधु शाही/रासस**

**काठमाडौँ,** साउन १९/ माइतीले दिएको सुन बेचेर धुलिखेलकी सीता बजगाईँ कुवेतमा घरेलु श्रमिकका लागि पुगिन् । घर खर्च जुटाउन सुन बेचेर विदेशिनु उनको बाध्यता थियो । त्यसमा पनि साना नानीहरूलाई कोठा भाडामा राखेर समुन्द्रपारि जानु उनका लागि सजिलो थिएन ।

डेढ दशकअघि घरेलु कामदारका रुपमा खाडी मुलुक पुग्दाका संघर्ष सम्झिँदा बजगाईँको जीवनमा धेरै सिक्ने र अनुभव गर्ने अवसर पाएको बताउन्छिन् । “सन्तान हेरिदिने कोही थिएन”, उनी विगत सम्झँदै भन्छिन्, “ड्युटीबाट बिदा हुनेबित्तिकै छोराछोरीलाई भिडियोमार्फत फोन गर्थें, उनीहरूलाई सम्झाउँदै आफैँ रुन्थेँ ।”बजगाईँका श्रीमान् भए पनि पारिवारिक जिम्मेवारी र छोराछोरीको पालनपोषणमा ध्यान नदिएपछि कलिला नानी छोडेर विदेशिनु परेको थियो । परिवार धान्नका लागि वैदेशिक रोजगार



रोज्नुपरेको आफ्नो बाध्यता रहेको उनी बताउन्छिन् । ती विगत थिए, अहिले भने बजगाईँको आर्थिक स्थिति सुल्झिएको छ । करिब डेढ दशक खाडीमा घरेलु श्रम गरेर जम्मा गरेको पैसाले उनमा आत्मविश्वास पलाएको छ । यतिमात्रै होइन उनी छोराछोरीको पढाइलेखाइसँगै घरजमिन जोड्न सफल भएकी छन् । “यदि विदेश नगएको भए आर्थिक उन्नति सम्भव थिएन”, उनी भन्छिन् । बजगाईँले महिला भएकै कारण कानुनी रूपमा विदेश जाने अवसर नपाएपछि भारत हुँदै अवैध बाटोबाट कुवेत पुग्नुपरेको संघर्षपूर्ण कथा सुनाउन्छिन् । उनले भाग्यले साथ दिएर घरेलु श्रमिकका रूपमा त्यहाँ रोजगार पाइन् । सबैको हकमा यस्तै सहज हुन्छ भन्ने निश्चित भने नभएको उनी बताउन्छिन् । उनका अनुसार आफूसँगै गएका केही साथीहरूले निकै दु:ख पाएका छन् । “खाडी मुलुकमा घरेलु श्रमिक महिला कामदारले राम्रो काम पाउनु भाग्यमानी सम्झनुपर्छ”, उनी भन्छिन् । लामो समय वैदेशिक घरेलु श्रमिकका रूपमा काम गरेपछि उनले आर्जेको आम्दानीले अहिले धुलिखेलमा एक बिघा जग्गा किनेर कृषि कर्म सुरु गरेकी छन् ।

“विदेशमा त्यति दु:ख नगरेको भए आज बस्ने बास पनि हुँदैनथ्यो”, उनी भन्छिन्, “विवाहमा माइतीले दिएको सुन बेचेर खाडी पसेकी थिएँ, अहिले घर बनाएँ । जग्गा जमिन जोडेँ ।” काभ्रेकी कृष्णामाया लामा पनि वैदेशिक रोजगारबाट यस्तै फरक कथा बोकेर फर्किएकी छन् । दुई दशकअघि १५ महिनाको छोरालाई श्रीमान्को जिम्मा लगाएर घरेलु कामदारका रूपमा कुवेत गएकी उनी पछि कतार, साउदी अरेबिया हुँदै दुबईसम्म पुगी । केही महिनाअघि मात्र नेपाल फर्किएकी लामा सुरुमा आफन्त र छिमेकीबाट आलोचित भएकी थिइन् । “पहिला लोग्ने र छोरो छोडेर विदेश गएकी भनेर कुरा काट्थे । अहिले घर, सम्पत्ति र परिवार मिलेको देखेर तिनै मानिसहरूले प्रशंसा गर्छन्”, उनी भन्छिन् । उनका अनुसार वैदेशिक रोजगारीले आर्थिक अवस्था मात्रै होइन, आफूमा आत्मविश्वास पनि बढाएको छ । उनी परिवारको खर्च धान्न महिलाले पनि सुरक्षित र कानुनी रूपमा विदेशमा काम गर्न पाउने वातावरण राज्यले बनाउनुपर्ने आवश्यकता औँल्याउन्छिन् । नेपाल सरकारले खाडी मुलुकमा घरेलु कामदारका रूपमा महिलाको श्रम आप्रवासनमा लामो समयदेखि विभिन्न प्रतिबन्ध लगाउँदै आएको छ । तर, प्रतिबन्धका बाबजुद महिलाहरू भारतलगायत तेस्रो मुलुक हुँदै अनौपचारिक बाटोबाट विदेश जाने क्रम भने रोकिएको छैन । महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपालकी अध्यक्ष सविता पोखरेलका अनुसार कानुनी प्रक्रिया बाहिर गएर वैदेशिक रोजगारीमा जाने महिलाहरू श्रम शोषण, हिंसा, तलब नपाउने, उद्धारमा कठिनाइ तथा कानुनी संरक्षण नपाउनेलगायत गम्भीर समस्यामा पर्ने गरेका छन् । श्रमजीवी महिला मञ्चकी अध्यक्ष भीमा लुइँटेल पनि आफू पर्यटक भिसामा इजरायल पुगेको र त्यहाँबाट घरेलु काममा लगाइएको अनुभव सुनाउन्छिन् । सुरुमा दुर्गम क्षेत्रमा रहेको एक परिवारको घरमा कठिन परिस्थितिमा काम गर्नुपरेको र पछि अर्को घरमा सरेपछि अवस्था केही सहज भएको उनी बताउन्छिन् । सन् २००६ देखि २०१२ सम्म विदेशमा काम गरेर नेपाल फर्किएकी लुइँटेल अब भने स्वदेशमै अटोरिक्सा चलाउँदै जीविकोपार्जन गर्दै आएकी छन् । उनी भन्छिन्, “विदेश नजाँदा घर बाहिरको काम गर्न डर लाग्थ्यो । अहिले आफैँ अटोरिक्सा चलाउने भएकी छु । विदेशले धेरै कुरा सिकायो ।” ओरेकले गरेको अनुसन्धान अनुसार नेपालले सन् २०१७ मा श्रमिकलाई घरेलु श्रमिकका रूपमा वैदेशिक रोजगारीमा जान लगाएको प्रतिबन्धका कारण विशेषत: कागजविहीन महिला घरेलु श्रमिकहरूको वास्तविक संख्या यकिन गर्न कठिन छ ।

*-बाँकी अन्तिम पेजमा...*

### संक्षिप्त समाचार

## सडक दुर्घटनामा १४ जनाको मृत्यु

**(रासस/एपी)**

**कम्पाला,** साउन १९/युगान्डामा यात्रु बोकेको ट्याक्सी भ्यान र बालुवा बोकेको ट्रक एकापसमा ठोक्किँदा कम्तीमा १४ जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । दुर्घटनापछि ट्रक चालक फरार भएकाले प्रहरीले उनको खोजीलाई तीव्र पारेको जनाएको छ । प्रहरीका अनुसार दुर्घटना सोमबार राति कालुङ्गु जिल्लाको कामुङ्गा ट्रेडिङ सेन्टरस्थित राजमार्गमा भएको हो । मृत्यु हुने सबै यात्रु ट्याक्सीका यात्रु रहेका छन् । घाइते चार जनाको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले घटनालगत्तै ट्रक चालक फरार भएको र उनको खोजी जारी रहेको जनाएको छ । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ । युगान्डासहित अफ्रिकाका धेरै मुलुकमा सडक दुर्घटना गम्भीर समस्याका रूपमा रहँदै आएको छ । जीर्ण अवस्थामा रहेका सवारीसाधन, तीव्र गति र सडकको कमजोर अवस्थालाई यस्ता दुर्घटनाका प्रमुख कारण मानिन्छ । गत जुलाईमा पनि पूर्वी युगान्डामा शैक्षिक भ्रमणबाट फर्किरहेको प्राथमिक विद्यालयको बस सडकबाट खस्दा कम्तीमा २० बालबालिका र एक वयस्कको मृत्यु भएको थियो ।

## अवैध लागूऔषध सहित पाँच जना पक्राउ

**पाल्पा,** साउन १९/देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित पाँच जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सिन्दुलीका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित पाँच जना पक्राउ परेका हुन् ।

सिन्धुलीको कमलामाई नगरपालिका-९ भिमानबाट अवैध लागूऔषध सहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी धरान उपमहानगरपालिका-६ बस्ने ३० वर्षीय विकास दाहाल र इटहरी उपमहानगरपालिका-१७ बस्ने २४ वर्षीय सागर कार्की रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबास समेतबाट खटिएको प्रहरीले मोरङबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.०१-००६ ख ३७१२ नम्बरको हायसमा सवार उनीहरूलाई लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । प्रहरीले उनीहरुको साथबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ ८ सय २० मिलिग्राम र नियन्त्रित लागूऔषध ट्रामाडोल १ हजार ४ सय ३० ट्याब्लेट नियन्त्रणमा लिएको छ । यस्तै सिन्धुलीको कमलामाई नगरपालिका-९ भिमानबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ४५ ग्राम १ सय ९० मिलिग्राम सहित सिराहा मिर्चैया नगरपालिका-५ घर भएका २० वर्षीय सन्देश यादवलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबासबाट खटिएको प्रहरीले महोत्तरीबाट काठमाडौंतर्फ आउँदै गरेको मधेश प्रदेश ०५-००१ ज ००८६ नम्बरको हायसमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । साथै प्रहरीले उक्त लागूऔषध कारोबारमा संलग्न रहेका बा.प्र.०२-०४६ प ४८५३ नम्बरको मोटरसाइकलमा सवार धनुषा कमला नगरपालिका-७ घर भएका २० वर्षीय राहुल कुमार मण्डल र सिराहा कल्याणपुर नगरपालिका-६ घर भएका २० वर्षीय अभिषेक कुमार साहलाई समेत पक्राउ गरेको छ ।

## रामपुरमा सार्वजनिक सुनुवाइ : विकास निर्माणका लागि सहकार्यमा जोड

**पाल्पा,** साउन १९/ जिल्लाको रामपुर नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको छ । कार्यक्रममा गत आर्थिक वर्षको प्रगति, बजेट कार्यान्वयन, सेवा प्रवाह तथा नगरवासीका गुनासा र सुझावमाथि छलफल गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले विकास निर्माणका कामलाई प्रभावकारी बनाउन स्थानीय तह, सरोकारवाला निकाय र निर्माण व्यवसायीबीच सहकार्य र समन्वय आवश्यक रहेको बताए । उनले नदीजन्य पदार्थको उत्खनन कानुन र



मापदण्डअनुसार गर्न तथा निर्माण कार्यको नियमित अनुगमन गर्नुपर्नेमा जोड दिए । सहभागीका जिज्ञासाको जवाफ दिँदै नगर प्रमुख रमण बहादुर थापाले सीमित स्रोत-साधनका बाबजुद नगरमा विकास निर्माणका कामले गति लिएको बताए । उनले १० वटै वडामा समानुपातिक रूपमा विकास योजना सञ्चालन भइरहेको उल्लेख गर्दै फोहोर व्यवस्थापन नगरको प्रमुख चुनौतीका रूपमा रहेको र त्यसको समाधानका लागि निरन्तर प्रयास भइरहेको जानकारी दिए । विकास आयोजना गुणस्तरीय र समयमै सम्पन्न गर्न सबै पक्षको सहयोग र निगरानी आवश्यक रहेको उनको भनाइ थियो । प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डितले प्रस्तुत गरेको प्रगति प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित ८२ करोड ५१ लाख ३० हजार ६२१ रुपैयाँमध्ये ६८ करोड ९८ लाख २३ हजार ४४३ रुपैयाँ खर्च भएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## जीवनको अमूल्य सम्पत्ति मित्रता

हरेक वर्ष मनाइने मित्रता दिवसले मानिस–मानिसबीचको विश्वास, सहयोग, आत्मीयता र सम्मानको सम्बन्धलाई स्मरण गराउँछ । मित्रता केवल रमाइलोका क्षण बाँड्ने सम्बन्ध मात्र होइन, सुख–दुःखमा साथ दिने, सही मार्गतर्फ प्रेरित गर्ने र जीवनका चुनौतीहरू सामना गर्न हौसला प्रदान गर्ने अमूल्य बन्धन हो । यही कारणले मित्रता दिवसको महत्व दिनप्रतिदिन बढ्दै गएको छ । यस वर्ष पनि गत विहीबार अन्तर्राष्ट्रिय मित्रता दिवस नेपालसहित विश्वभरी मनाइएको छ । संयुक्त राष्ट्र संघले ३० जुलाईलाई अन्तर्राष्ट्रिय मित्रता दिवसको रूपमा आधिकारिक रूपमा मान्यता दिएको थियो । सोही अनुरुप हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । यो दिवसको प्रमुख उद्देश्य भनेको पनि साथीहरुसँग सम्बन्ध मजबुद बनाउनु र मानसिक तनावबाट छुटकारा पाउनु हो ।

साँचो मित्रता केवल रमाइलो गर्ने सम्बन्ध मात्र होइन, सुख–दुःखमा साथ दिने विश्वास, सम्मान र सहयोगको बन्धन हो । जीवनका कठिन परिस्थितिमा परिवारपछि सबैभन्दा ठूलो साथ दिने व्यक्ति प्रायः असल मित्र नै हुन्छ । आजको डिजिटल युगमा सामाजिक सञ्जालमार्फत सयौँ साथी बनाउन सकिन्छ । तर साथीको संख्या भन्दा पनि सम्बन्धको गुणस्तर महत्वपूर्ण हुन्छ । साँचो मित्रले सही बाटो देखाउँछ, गल्ती गर्दा सच्याउँछ र सफलतामा खुसी मनाउनुका साथै असफलतामा हौसला दिन्छ । त्यसैले मित्रता स्वार्थमा आधारित नभई विश्वास, इमानदारी र आपसी सम्मानमा आधारित हुनुपर्छ । दुर्भाग्यवश, पछिल्लो समय स्वार्थ, प्रतिस्पर्धा र भौतिकवादी सोचका कारण मित्रताको मूल्य कमजोर बन्दै गएको महसुस हुन्छ । आवश्यकता पर्दा मात्र सम्बन्ध खोज्ने प्रवृत्तिले मित्रताको वास्तविक अर्थलाई ओझेलमा पारेको छ । यस्तो अवस्थामा युवापुस्ताले असल साथीको छनोट गर्न र आफू पनि विश्वासयोग्य मित्र बन्न सिक्न आवश्यक छ । मित्रता व्यक्तिको व्यक्तिगत जीवन मात्र होइन, समाजमा पनि सकारात्मक वातावरण निर्माण गर्ने आधार हो । असल मित्रताले सहयोग, सहिष्णुता, एकता र सद्भावको भावना विकास गर्छ । साँचो मित्रता धन–सम्पत्तिभन्दा पनि मूल्यवान् सम्पत्ति हो । त्यसैले मित्रतालाई जोगाउनु, विश्वास कायम राख्नु र एकअर्काको सम्मान गर्नु आजको आवश्यकता हो ।

## Opinion @ Social Network

"अरूको कुरामा होइन,
आफ्नै क्षमतामा विश्वास गर्नुपर्छ ।"
*(पासाङ्ग लामाको फेसबुक स्टाटसबाट www.facebook.com/Pasang.Lama)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# 'खन्चुवा चेत' नफेरिए हाम्रो नियति बदलिदैन



**कृष्णप्रसाद पौडेल**

> *जीवाश्म ऊर्जाको बलमा विकसित उत्पादन प्रणालीले धेरै उत्पादन र बढी नाफालाई सफलताको मुख्य मापदण्ड बनायो । यसको प्रभाव खेतीपातीमा पनि पऱ्यो । ठूला खेत, भारी यन्त्र, एकनासे बाली, लामो आपूर्ति शृङ्खला र बाह्य सामग्रीमा निर्भर कृषि प्रणाली विस्तार भयो । स्थानीय जैविक विविधता र किसानको ज्ञानलाई उत्पादन बढाउने दौडले क्रमशः किनारामा धकेल्दै लग्यो । कृत्रिम नाइट्रोजन मलले कृषि उत्पादन बढाउन र बढ्दो जनसङ्ख्याका लागि खाद्यान्न जुटाउन महत्त्वपूर्ण योगदान गरेको छ । तर यसको उत्पादन जीवाश्म ऊर्जामा निर्भर छ ।*

खेतीपाती र पशुपालन शुरु हुनुअघि मानिस पनि अन्य प्राणी झैं प्रकृतिको लय र ऋतुचक्र अनुसार आफ्नो जीवनयापनको बन्दोबस्त गर्थ्यो । तर उन्नत चेतना र जिज्ञासाले उसलाई प्रकृतिका नियम बुझ्न, ऊर्जा प्रयोग गर्न र आफ्नो आवश्यकता अनुसार प्रविधि विकास गर्न सिकायो । यही सिकाइसँगै मानिसमा प्रकृतिको लयलाई नियन्त्रण गर्न सकिन्छ भन्ने विश्वास बढ्दै गयो । हजारौं वर्षदेखि पृथ्वीको जीवनचक्र धानिरहेको प्राकृतिक नियम उसलाई आफ्नै गतिमा लागेको अवरोध जस्तो देखिन थाल्यो । फलस्वरूप, उसले प्रकृतिको गतिभन्दा छिटो उत्पादन गर्ने, टाढासम्म पुग्ने र कम समयमा धेरै उपभोग गर्ने उपाय खोज्न थाल्यो । १८औं शताब्दीपछि फैलिएको औद्योगिक क्रान्तिले यस यात्रालाई अभूतपूर्व गति दियो । कोइला, पेट्रोलियम र प्राकृतिक ग्यास जस्ता जीवाश्म इन्धनले मानिसलाई तत्काल उपलब्ध घाम, हावा, पानी, पशु र मानवीय श्रमको सीमाबाट धेरै हदसम्म मुक्त गरिदियो । उत्पादन, यातायात र सञ्चारमा आएको तीव्रताले मानव जीवनमा सुविधा थप्यो । तर त्यसको लाभ समान रूपमा बाँडिएन र पर्यावरणीय मूल्यलाई लामो समयसम्म बेवास्ता गरियो ।

**प्रकृतिको लयभन्दा तीव्र गति**

प्रकृतिले लाखौं वर्ष लगाएर पृथ्वीको गर्भमा सञ्चय गरेको कोइला र खनिज तेल मानिसले केही शताब्दीमै निकालेर धुवाँमा परिणत गऱ्यो । जीवाश्म ऊर्जाको बलमा विकसित उत्पादन प्रणालीले धेरै उत्पादन र बढी नाफालाई सफलताको मुख्य मापदण्ड बनायो । यसको प्रभाव खेतीपातीमा पनि पऱ्यो । ठूला खेत, भारी यन्त्र, एकनासे बाली, लामो आपूर्ति शृङ्खला र बाह्य सामग्रीमा निर्भर कृषि प्रणाली विस्तार भयो । स्थानीय जैविक विविधता र किसानको ज्ञानलाई उत्पादन बढाउने दौडले क्रमशः किनारामा धकेल्दै लग्यो । कृत्रिम नाइट्रोजन मलले कृषि उत्पादन बढाउन र बढ्दो जनसङ्ख्याका लागि खाद्यान्न जुटाउन महत्त्वपूर्ण योगदान गरेको छ । तर यसको उत्पादन जीवाश्म ऊर्जामा निर्भर छ । असन्तुलित तथा अत्यधिक प्रयोगले माटोको पोषक सन्तुलन बिगार्न, पानी प्रदूषित गर्न र हरितगृह ग्यास उत्सर्जन बढाउन सक्छ । विषादीको अवस्था पनि त्यस्तै हो । आवश्यकता अनुसार विवेकपूर्ण प्रयोग गर्नुपर्ने रसायनमाथिको अत्यधिक निर्भरताले लाभदायक कीरा, माटोका जीव, पानीका स्रोत र मानव स्वास्थ्यमा असर पुऱ्याउन सक्छ । त्यसैले समस्या प्रत्येक मेसिन, मल वा आधुनिक प्रविधि आफैंमा होइनह तिनको प्रयोगलाई निर्देशित गर्ने उत्पादन र उपभोगको सोचमा छ । यहाँ 'खन्चुवा चेत' भन्नाले आवश्यकता पूरा गर्न गरिने स्वाभाविक उपयोग होइन, निरन्तर धेरै चाहने र प्रकृति तथा श्रमलाई कहिल्यै नरित्तिने भण्डार ठान्ने मानसिकता हो । यस चेतले लिने कुरा मात्र देख्छ, फर्काउनुपर्ने जिम्मेवारी देख्दैन । आजको लाभ हिसाब गर्छ, तर भावी पुस्ताले चुकाउनुपर्ने मूल्यलाई बेवास्ता गर्छ ।

**औपनिवेशिकतादेखि विकासको नयाँ आवरणसम्म**

जीवाश्म इन्धनबाट प्राप्त ऊर्जा कारखाना र खेतीमा मात्र सीमित रहेन । वाष्पजहाज, रेल, हतियार र औद्योगिक उत्पादनको बलमा उपनिवेशवादी शक्तिले संसारका विभिन्न भूभाग, प्राकृतिक स्रोत र श्रममाथि नियन्त्रण विस्तार गरे । औपचारिक औपनिवेशिक साम्राज्यहरू कमजोर भए, तर प्रकृति र मानिसलाई दोहन गरेर समृद्धि हासिल गर्ने सोच हराएन । त्यो 'विकास', 'आधुनिकीकरण' र 'आर्थिक वृद्धि'को नयाँ आवरणमा संसारभर फैलियो । देश, कम्पनी र व्यक्तिको सफलता उसले कति उत्पादन र उपभोग गऱ्यो भन्ने आधारमा मापन हुन थाल्यो । पृथ्वीका लाखौं प्रजातिमध्ये मानिस पनि एउटा प्रजाति मात्र हो । उन्नत चेतना भएको प्राणीका रूपमा उसले अरू जीव र भावी पुस्ताप्रति बढी जिम्मेवार हुनुपर्ने हो । तर प्रकृतिमाथि विजय हासिल गरेको भ्रमले मानिसलाई अत्यधिक भोगतर्फ डोऱ्याएको छ । आजको पर्यावरणीय संकट, जैविक विविधताको क्षति, माटोको ह्रास र जलवायु परिवर्तन यही सम्बन्धविच्छेदका विभिन्न रूप हुन् । यिनका सबै कारण एउटै छैनन्, तर प्रकृतिको वहन क्षमताभन्दा बाहिर गएको उत्पादन र उपभोग प्रणालीले संकटलाई गहिरो बनाएको छ ।

**माटो र श्रम बीच बढेको दूरी**

कार्ल मार्क्सले १९औं शताब्दीमै नाफाकेन्द्रित उत्पादन प्रणालीले माटो र श्रमिक दुवैको जीवनक्षमता कमजोर बनाउनेतर्फ सचेत गराएका थिए । पछि पर्यावरण सम्बन्धी चिन्तकहरूले प्रकृति र मानिस बीच उत्पन्न यही दूरीलाई 'पारिस्थितिक विच्छेद'का रूपमा व्याख्या गरे । खेतबाट उत्पादन र पोषक तत्त्व शहर पुग्छन्, तर ती पुनः माटोमा फर्कने प्रणाली हुँदैन । उत्पादनबाट प्राप्त नाफा बजार र कम्पनीले लैजान्छन्, तर क्षतिग्रस्त माटो, प्रदूषित पानी र किसानले व्यहोरेको जोखिम गाउँमै छाडिन्छ । श्रमिकको श्रम बिक्री हुन्छ, तर उसको स्वास्थ्य, मर्यादा र भविष्य आर्थिक हिसाबमा समेटिँदैन । खन्चुवा चेतले प्रकृति, मानिस र श्रमलाई उपयोग गर्न मिल्ने वस्तुका रूपमा मात्र हेर्छ । उपयोग गर, नाफा कमाऊ र काम सकिएपछि फ्याँक- यसको मूल प्रवृत्ति यही हो । प्रकृतिको पुनर्स्थापना क्षमता र मानवीय सम्बन्धको संवेदनशीलता यसका लागि गौण हुन्छ । यसै कारण आज उत्पादनका सबै शर्तलाई नियन्त्रणमा राख्न खोजिन्छ । बीउदेखि खाद्यान्नको मूल्यसम्म, पानीदेखि किसानको ज्ञानसम्मलाई बजारको अधीनमा राख्ने प्रयास हुन्छ । प्रकृतिका साझा स्रोतलाई निजी नाफाको साधन बनाइन्छ, तर त्यसबाट सिर्जित जोखिम समाज र भावी पुस्तालाई हस्तान्तरण गरिन्छ ।

**भान्छासम्म पुगेको खन्चुवा चेत**

यो चेत उद्योग र प्रविधिमा मात्र सीमित छैनह हाम्रो दिमाग, दैनिकी र भान्छासम्म पुगिसकेको छ । सबैलाई छिटो कमाउनु छ, धेरै सञ्चय गर्नु र अरूभन्दा पहिले उपभोग गर्नु छ । प्रकृतिको सुस्त र चक्रीय लयभन्दा बिल्कुल फरक 'छिटो, धेरै र सस्तो'को प्रतिस्पर्धाले हाम्रो जीवनशैली निर्धारण गरिरहेको छ । हाम्रा पुर्खाले जोगाएको बीउ, मौसम हेरेर खेती गर्ने अनुभव, माटोको अवस्था बुझ्ने सीप र स्थानीय खाद्य प्रणालीलाई लामो समयसम्म 'पछौटे' ज्ञान ठानियो । त्यसको ठाउँमा प्याकेट, विज्ञापन र सामाजिक सञ्जालबाट आउने अप्रमाणित सूचना ज्ञानको मुख्य स्रोत बन्न थाले । सबै परम्परागत अभ्यास वैज्ञानिक, न्यायपूर्ण वा पर्याप्त थिए भन्ने होइन । विगतमा भोक, कठोर श्रम तथा जातीय र लैङ्गिक विभेद पनि थिए । तर बीउ संरक्षण, मिश्रित खेती, स्थानीय जैविक विविधता, पानीको सामूहिक व्यवस्थापन र पर्म जस्ता अभ्यासमा रहेको पारिस्थितिक तथा सामाजिक ज्ञानलाई एकैपटक अस्वीकार गर्नु पनि विवेकपूर्ण हुँदैन । पहिले बीउ, श्रम र ज्ञान साटिन्थ्यो । अहिले हरेक कुरा बजारबाट किन्नुपर्ने अवस्था बनेको छ । बजार आवश्यक छ, तर जीवनका सबै सम्बन्ध बजारले मात्रै निर्धारण गर्न थालेपछि समुदायको पारस्परिक निर्भरता कमजोर हुन्छ । एक्लोपन, अविश्वास र सामाजिक विखण्डन बढ्न सक्छ । यसरी खन्चुवा चेतले खेत र माटो मात्र होइन, हाम्रो सोच, संस्कृति र सामाजिक सम्बन्धलाई पनि परिवर्तन गरिरहेको छ ।

**समाधान प्रविधि त्याग्नु होइन**

अहिले देखिएको संकट प्राकृतिक परिघटना मात्र होइनह यो राजनीतिक, आर्थिक र वैचारिक रोजाइको परिणाम पनि हो । त्यसैले यसको समाधान प्रविधि र विज्ञान त्यागेर विगततिर फर्कनु होइन । बरु प्रविधि कसको नियन्त्रणमा छ, के उद्देश्यका लागि प्रयोग भइरहेको छ र त्यसको सामाजिक तथा पर्यावरणीय मूल्य कसले तिरिरहेको छ भन्ने प्रश्न उठाउनु हो । हामीलाई प्रकृतिका सीमाभित्र रहने, श्रमको सम्मान र उत्पादनसँगै पुनर्जीवनको व्यवस्था गर्ने विज्ञान चाहिएको छ । माटो परीक्षणका आधारमा सन्तुलित मल प्रयोग, प्राङ्गारिक पदार्थको पुनःप्रयोग, एकीकृत कीरा व्यवस्थापन, स्थानीय बीउ संरक्षण, बाली विविधीकरण, पानी पुनर्भरण र नवीकरणीय ऊर्जाको विस्तार त्यस दिशाका व्यावहारिक कदम हुन् । त्यससँगै सहकारी खेती, कृषि उपकरणको साझा प्रयोग, किसानको ज्ञान र वैज्ञानिक अनुसन्धान बीच सहकार्य तथा उत्पादक-उपभोक्ताको दूरी घटाउने बजार संरचना आवश्यक छ । प्रकृतिमैत्री उत्पादनको भार किसानमाथि मात्र थोपरेर पुग्दैन । राज्यको नीति, बजारको प्रोत्साहन, उद्योगको उत्तरदायित्व र उपभोक्ताको व्यवहार पनि बदलिनुपर्छ । हाम्रा पहाड र तराईमा जैविक विविधता अझै बाँकी छ । परम्परागत पारिस्थितिक ज्ञान पूर्ण रूपमा हराएको छैन । त्यसलाई वैज्ञानिक अनुसन्धान, आधुनिक प्रविधि र नयाँ पुस्ताको सिर्जनशीलतासँग जोड्न सकिन्छ । अबको यात्रा प्रविधि विरोधी होइन, खन्चुवा चेत विरोधी हुनुपर्छ । कति धेरै निकाल्यौं भन्नेभन्दा कति जोगायौं र पुनर्जीवित गऱ्यौं भन्ने आधारमा विकास मापन गर्नुपर्छ । पृथ्वीलाई पुर्खाबाट प्राप्त निजी सम्पत्ति होइन, भावी पुस्तालाई सुरक्षित हस्तान्तरण गर्नुपर्ने साझा दायित्वका रूपमा बुझ्नुपर्छ । यो परिवर्तन रातारात सम्भव हुँदैन । यसको सुरुआत आफ्नै भान्छा, खेतबारी, बजार र सार्वजनिक नीतिमाथि प्रश्न गरेर गर्न सकिन्छ । हामीले खाने खाना कहाँबाट आयो ? उत्पादन गर्दा माटो, पानी र श्रमिकले कस्तो मूल्य चुकाए ? प्रयोगपछि बाँकी वस्तु कहाँ पुग्छ? यस्ता सामान्य प्रश्नले पनि चेत परिवर्तनको ढोका खोल्न सक्छन् । यदि हाम्रो चेत बदलिँदैन भने विकासका ठूला योजना प्रकृति रित्याउने झन् ठूला 'खन्चुवा' बन्नेछन् । अन्ततः हामीसँग रित्तिएको माटो, कमजोर सामाजिक सम्बन्ध र अनिश्चित भविष्य मात्र बाँकी रहनेछ । प्रश्न अब प्रकृतिबाट कति लिन सकिन्छ भन्ने होइन । प्रश्न हो- लिएको कुरा फर्काउँदै, प्रकृतिसँगै बाँच्ने विवेक हामीसँग अझै बाँकी छ कि छैन ?

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भइएला। लगानीबाट फाइदा हुनेछ। | **तुला** : लाभ हुने कार्य प्रारम्भ गर्न सकिनेछ। इष्टमित्रहरूबाट सहयोग पाइएला। |
| **वृष** : स्वास्थ्यलाई लिएर सचेत रहनुहोला। आर्थिक पक्ष सामान्य रहेको छ। | **वृश्चिक** : विद्यार्थीको बौद्धिक क्षेत्रमा विकास हुनेछ। कार्यक्षेत्रमा सफलता मिल्नेछ। |
| **मिथुन** : मेहनतले परिवर्तन ल्याउन सकिनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **धनु** : सामाजिक क्षेत्रमा प्रतिष्ठित पद मिल्नेछ। दायित्व निर्वाहनमा मेहनत गर्नुपर्ला। |
| **कर्कट** : कार्यक्षेत्रमा योग्यताको उचित मूल्यांकन हुनेछ। आत्मबलमा वृद्धि हुनेछ। | **मकर** : मेहनतको उचित फल मिल्नेछ। पुरानो कार्यबाट लाभ कमाउने योग छ। |
| **सिंह** : परोपकारको काममा संलग्न भइएला। नयाँ अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। | **कुम्भ** : शिक्षाको क्षेत्रमा सम्मान मिल्नेछ। आयस्रोत बढ्नुका साथै कार्य हात लाग्नेछ। |
| **कन्या** : कमजोर नतिजाले कार्य दोहोर्याएर गर्नुपर्ला। नयाँ कार्य प्रारम्भ गर्न सक्नुहुनेछ। | **मीन** : घरपरिवारमा अनुकूल परिस्थिति रहनेछ। कार्यक्षेत्रमा प्रभाव बढ्नेछ। |


## कला मनोरञ्जन

# असारमा बक्स अफिस सुस्तायो, चलचित्र दर्तामा भने उत्साह



असार महिनामा चलचित्रको व्यावसायिक अवस्था निराशाजनक नै रह्यो । मनसुनको सुरुवात, निरन्तरको वर्षा र खेतीपातीको चटारोका कारण दर्शक हलसम्म पुग्न पनि भ्याउँदैनन् । त्यसैले असारलाई चलचित्र प्रदर्शनका लागि उपयुक्त समय मानिँदैन । विगतका वर्षजस्तै गत असारमा पनि प्रदर्शनमा आएका 'आई एम जितबहादुर', 'जाँड' र 'भागदौड' जस्ता चलचित्रले बक्स अफिसमा कुनै प्रभाव पार्न सकेनन् । यी चलचित्रको लगानी 'बालुवामा पानी'सरह भयो । तर, व्यावसायिक रूपमा असार महिना सुखद नरहे पनि नयाँ चलचित्र निर्माणको घोषणा गर्ने र इजाजत लिने क्रममा भने निकै उत्साह देखिएको छ । चलचित्र विकास बोर्डको पछिल्लो तथ्याङ्क अनुसार वैशाख र जेठको तुलनामा असारमा चलचित्र निर्माणका लागि इजाजत लिनेहरूको संख्यामा वृद्धि भएको छ । नेपालमा चलचित्र निर्माण सुरु गर्नुअघि चलचित्र विकास बोर्डबाट अनिवार्य रूपमा निर्माण इजाजतपत्र लिनुपर्ने कानुनी प्रावधान छ । बोर्डको विवरण अनुसार वैशाखमा १६ र जेठमा ११ वटा चलचित्रले निर्माण इजाजत लिएका थिए । तर, असारमा यो संख्या बढेर १८ पुगेको छ । प्रतिशतका आधारमा हेर्दा असारमा वैशाखको तुलनामा १२ प्रतिशत र जेठको तुलनामा ३७ प्रतिशतले चलचित्र निर्माणको अनुमति लिने दर बढेको देखिन्छ । असारमा बोर्डबाट अनुमति पाउने १८ चलचित्रहरूमा 'पुर्णे हिँड्यो अष्ट्रेलिया', 'मायाको डोली', 'विष हरण', 'झ्यालखाना', 'अनुराधा', 'प्रिन्स', 'भेडिगोठ', 'भिडियोटेप', 'ए मन सुटुक्क भन', 'टनेल २६', 'ल्हासाङ', 'माराङ', 'अरिङ्गाल', 'फर्किने बाटो', 'लिटिल स्टार्स', 'बार्दली', 'भंगेरी दरबार' र 'फाइटर आदित्य' रहेका छन् । बोर्डमा दर्ता हुने चलचित्रको संख्या लोभलाग्दो देखिए पनि ती सबै चलचित्र पर्दासम्म आइपुग्छन् भन्ने निश्चित हुँदैन । चलचित्र विकास बोर्डका प्रवक्ता सन्तोष लोहनीका अनुसार दर्ता भएका चलचित्रमध्ये करिब ८० प्रतिशत मात्रै निर्माण हुने गरेका छन् । बाँकी २० प्रतिशत चलचित्र भने विभिन्न कारणले कागजमै सीमित हुने गर्छन् । बोर्डको नियमानुसार दर्ता भएको तीन वर्षभित्र चलचित्रको निर्माण सम्पन्न गरी सेन्सर गराउनुपर्छ । सो अवधिभित्र काम हुन नसकेमा पुन: दर्ता प्रक्रियामा जानुपर्ने हुन्छ । 'कतिपयले सुरुमा उत्साहका साथ कम्पनी खोल्छन् र फिल्म दर्ता गर्छन्, तर त्यसपछि मात्र लगानीकर्ता खोज्न थाल्छन्,' प्रवक्ता लोहनी भन्छन्, 'चलचित्र क्षेत्रको वास्तविकता नबुझेका व्यक्तिहरूलाई आकर्षक कमाइको लोभ देखाएर लगानी गर्न लगाइन्छ । लगानीकर्ता भेटिए चलचित्र बन्छ, नत्र त्यो फाइलमै थन्किन्छ ।' चलचित्र वृत्तमा 'नाम ओगट्ने' प्रवृत्ति पनि एउटा ठुलो समस्याका रूपमा छ । कतिपयले आफूलाई मन परेको वा चर्चामा आउन सक्ने शीर्षक अरूले दर्ता नगरून् भनेर पहिल्यै ओगटेर राख्छन् । पछि ती नामहरू अन्य निर्माता वा निर्देशकलाई मोटो रकममा बिक्री गर्ने उद्देश्यसमेत राखिने गरेको प्रवक्ता लोहनी बताउँछन् । यसबाहेक, चलचित्र निर्माणको काम सुरु भएपछि साझेदारहरूबिच हुने आपसी मनमुटाव, लगानीको अभाव वा व्यक्तिगत कारणले पनि चलचित्र बिचमै रोकिने गरेका छन् । कहिलेकाहीँ निर्माण पक्षको स्वास्थ्य समस्या वा विदेश पलायनजस्ता भवितव्यले पनि चलचित्र निर्माणमा पूर्णविराम लाग्ने गरेको लोहनीको भनाइ छ । *-रातोपाटी डटकम*

# स्वदेशमा रिलिज अगावै विदेशमा 'बेहुली'को उच्च माग, प्रमुख देशहरूमा रिलिज अधिकार बिक्री




नेपालमा आगामी भदौ २६ गते रिलिज हुने नेपाली चलचित्र 'बेहुली'ले नेपालमा प्रदर्शन हुनु अगावै अन्तर्राष्ट्रिय बजारमा आफ्नो दरिलो उपस्थिति जनाएको छ । यसको प्रमुख विदेशी बजारहरूको प्रदर्शन अधिकार पूर्ण रूपमा 'सोल्ड आउट' भएको निर्माण पक्षले जनाएको छ । निर्माण पक्षले सार्वजनिक गरेका नयाँ पोस्टरहरू अनुसार अस्ट्रेलिया, उत्तर अमेरिका, मध्यपूर्व र बेलायत जस्ता नेपाली चलचित्रका प्रमुख विदेशी बजारहरूमा चलचित्रको वितरण अधिकार बिक्री भइसकेको छ । प्राप्त जानकारी अनुसार अस्ट्रेलियाको प्रदर्शन अधिकार 'आशिष् एन्ड नमस्ते इन्टरटेन्मेन्ट'ले खरिद गरेको छ । त्यहाँ नेपालकै मिति भदौ २६ मा चलचित्र रिलिज हुनेछ । त्यसै गरी, अमेरिका र क्यानडा (उत्तर अमेरिका)का लागि चलचित्रको वितरण अधिकार 'चलचित्र इन्टरटेन्मेन्ट मुभी डिस्ट्रिब्युसन'ले लिएको छ भने दुबई, कतार र बहराइनलगायतका मध्यपूर्वका देशहरूको वितरण जिम्मा 'साथीभाइ इन्टरटेन्मेन्ट'ले पाएको छ । अस्ट्रेलिया र उत्तर अमेरिकासँगै मध्यपूर्वमा पनि चलचित्र भदौ २६ मै प्रदर्शनमा आउनेछ । यता, बेलायत (युके) को लागि भने प्रदर्शन अधिकार '९७७ इभेन्ट्स'ले खरिद गरेको छ । बेलायतमा भने चलचित्र केही साता पछाडि अर्थात् असोज १६ गते रिलिज हुने तय भएको छ । निर्माण पक्षले चलचित्रको प्रचारप्रसारलाई यति बेला निकै तीव्र पारेको छ । हालसम्म चलचित्रको 'फर्स्ट लुक पोस्टर' र पहिलो गीत सार्वजनिक भइसकेको छ । भर्खरै मात्र रिलिज भएको 'दिलमा ठाउँ छ' बोलको लोक शैलीको गीतले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ भने इन्टरनेटमा उछाल ल्याएको छ । रिलिजको केही दिनमा नै यो गीतले करिब ३ मिलियन युट्युब भ्युज तथा करिब ६ लाख टिकटक भिडियो पाइसकेको छ । चलचित्रका अन्य गीतहरू र ट्रेलर भने सार्वजनिक हुन बाँकी छ । सशान कँडेलको निर्देशन र माधव शर्माको लेखन रहेको यस चलचित्रमा पारस बम ठकुरी ( कुल ब्वाइ), दिव्या रायमाझी, सुशान्त कार्की, पदम तामाङ, सन्तोष बानियाँ, सरिता गिरी, विशाल पहारी, कर्मा लामा, दीपक गौली, विमल यादव, अविरल श्रेष्ठ, सविन कट्टेल र समायरा थापा मगर लगायतको अभिनय छ । द डिभाइन म्युजिक र सम्मान इन्टरटेन्मेन्टको संयुक्त ब्यानरमा निर्माण भएको चलचित्रका प्रस्तुतकर्ता अर्जुन पोखरेल हुन् । प्रताप शमशेर राणा निर्माता रहेको यस प्रोजेक्टमा शङ्कर कोइराला र रमेश सिलवाल कार्यकारी निर्माता छन् । त्यसै गरी, दुर्गा खरेल र शिशिर श्रेष्ठ सह-निर्माता तथा कोसिस राज क्षेत्री र सम्राट क्षेत्री लाइन प्रोड्युसर हुन् ।

*-डिसी नेपाल डटकम*

# वर्षकै सर्वाधिक कमाउने नेपाली चलचित्रमा 'गौँथली'



चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस विवरण अनुसार नेपाली चलचित्र 'गौँथली'ले प्रदर्शनको दोस्रो सातासम्म १३ करोड ६४ लाख ४६ हजार ५३५ रुपैयाँ ग्रस कमाइ गर्दै यस वर्षकै सर्वाधिक कमाउने नेपाली फिल्म बनेको छ । बोर्डले सोमबार सार्वजनिक गरेको आइतबार राति दश बजेसम्मको 'सिनेपा' बक्स अफिस प्रतिवेदन अनुसार यस चलचित्रले १७ दिनमा चार लाख ९४ हजार ९१५ टिकट बिक्री गरेको छ । पहिलो १० दिनमा सात करोड ४२ लाख ७३ हजार ८५९ रुपैयाँ कमाएको चलचित्रले पछिल्लो सात दिनमा मात्र ६ करोड २१ लाख ७२ हजार ६७६ रुपैयाँ ग्रस व्यापार गरेको छ, जुन प्रारम्भिक साताको तुलनामा पनि उत्साहजनक मानिएको छ । साउन १ गतेदेखि प्रदर्शनमा आएको 'गौँथली'ले तेस्रो सातामा पनि राम्रो व्यापार कायम राखेको छ । गत बिहीबारदेखि प्रदर्शनमा आएको हलिउड चलचित्र स्पाइडर म्यान: ब्रान्ड न्यू डेका कारण केही शो प्रभावित भए पनि अधिकांश हलमा फिल्मले दैनिक ८० प्रतिशतसम्म अकुपेन्सी कायम राखेको जनाइएको छ । यही रफ्तार कायम रहे आगामी १०-१२ दिनभित्र फिल्मले २० करोड रुपैयाँको व्यापार पार गर्ने अनुमान गरिएको छ । सुरुवातमा करिब २०० शो पाएको यस चलचित्रले अहिले देशभर २५० भन्दा बढी शो पाएको छ । कलाकारसहितको टोली काठमाडौं उपत्यकादेखि मोफसलसम्मका हलमा पुगेर दर्शकसँग प्रत्यक्ष भेटघाट गर्दै प्रतिक्रिया संकलन गरिरहेको छ । पारिवारिक कथा र मौलिक विषयवस्तुका कारण दर्शकबाट फिल्मले सकारात्मक प्रतिक्रिया पाइरहेको निर्माण पक्षले जनाएको छ । डा.भोला रिजालको कथामा आधारित चलचित्रका निर्देशक डा.कपिल रिजाल हुनुहुन्छ । पटकथा तथा संवाद डा.कपिल रिजाल, निश्चल कुँवर, नीरज नेपाल र गिरिराज घिमिरेले संयुक्त रूपमा तयार गर्नुभएको हो । चलचित्रमा अरुण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारको अभिनय छ । वितरण रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट र एफडीले गरेका छन् । यसअघि वर्षकै सर्वाधिक कमाइ गर्ने नेपाली चलचित्रको सूचीमा 'लालीबजार' पहिलो स्थानमा थियो । उक्त चलचित्रले नौ करोड ३२ लाख रुपैयाँ ग्रस व्यापार गरेको थियो । 'गौँथली'ले त्यसलाई उछिन्दै नयाँ कीर्तिमान कायम गरेको हो । यता, चलचित्र विकास बोर्डले जेठ १५ गतेदेखि प्रदर्शनमा आएको चलचित्र 'रोल नं.१'को बक्स अफिस विवरण पनि सार्वजनिक गरेको छ । प्रतिवेदन अनुसार चलचित्रले साउन १७ गतेसम्म एक करोड ७८ लाख ६२ हजार ६९८ रुपैयाँ ग्रस कमाइ गरेको छ । यस अवधिमा फिल्मका ७१ हजार ५७२ टिकट बिक्री भएका छन् भने पछिल्लो सात दिनमा ११ हजार रुपैयाँमात्र कमाइ भएको बोर्डको विवरणमा उल्लेख छ ।

*-इहिमालयन डटकम*

# चलचित्रका दृश्य खिचेर सामाजिक सञ्जालमा राख्ने क्रम बढेपछि बोर्डको चेतावनी




चलचित्र विकास बोर्डले प्रदर्शनरत सिनेमाहरूको क्लिप खिच्ने र सामाजिक सञ्जालमा राख्ने गतिविधि नगर्न अनुरोध गरेको छ । बोर्डले प्रेस विज्ञप्ति जारी गर्दै चलचित्रहरूको अनधिकृत रेकर्डिङ तथा डिजिटल पाइरेसी बढ्दै गएको भन्दै त्यसमा संलग्न नहुन सबैलाई आग्रह गरेको हो । साथै, अनधिकृत रेकर्डिङ, डिजिटल पाइरेसी तथा प्रतिलिपि अधिकार उल्लंघनसम्बन्धी गतिविधिमा संलग्न व्यक्तिमाथि कानुनबमोजिम कारबाही हुन सक्ने चेतावनी समेत बोर्डले दिएको छ । प्रदर्शनरत 'गौंथली'लगायतका चलचित्रको क्लिपहरू सामाजिक सञ्जालमा अनधिकृत रूपमा फैलिएको अवस्थामा बोर्डले यस्तो चेतावनी दिएको हो। 'गौंथली' निर्माण पक्षले यस विषयमा कानुनी प्रक्रिया पनि अघि बढाइसकेको बताउँदै चलचित्रका दृश्य नखिच्न र सामाजिक सञ्जालमा साझा नगर्न आग्रह गरेको थियो । नेपाली तथा विदेशी चलचित्रहरूको दृश्य, क्लिप वा अंश रेकर्ड गरेर टिकटक, फेसबुकलगायतका सामाजिक सञ्जाल तथा डिजिटल माध्यममा अपलोड, प्रसारण वा वितरण गर्ने गतिविधि गैरकानुनी भएको बोर्डले स्पष्ट पारेको छ । विज्ञप्तिमा भनिएको छ, 'चलचित्रघरभित्र चलचित्रको कुनै पनि अंश खिच्ने, रेकर्ड गर्ने, प्रतिलिपि बनाउने, प्रसारण गर्ने वा सार्वजनिक रूपमा उपलब्ध गराउने कार्य प्रचलित प्रतिलिपि अधिकार ऐन, २०५९, विद्युतीय कारोबार ऐन, २०६३ तथा चलचित्रसम्बन्धी अन्य प्रचलित कानुनी व्यवस्थाविपरीत हुन सक्ने विषयप्रति बोर्ड सबैको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ।' चलचित्र निर्माण ठूलो लगानी, दीर्घकालीन परिश्रम, सिर्जनशीलता तथा हजारौं चलचित्रकर्मीको सामूहिक योगदानको परिणाम भएको बोर्डले उल्लेख गरेको छ । अनधिकृत रेकर्डिङ र डिजिटल पाइरेसीका कारण निर्माता, निर्देशक, कलाकार, प्राविधिक, वितरक, प्रदर्शक तथा लगानीकर्तालाई प्रत्यक्ष आर्थिक क्षति पुग्ने र नेपाली चलचित्र उद्योग तथा बौद्धिक सम्पत्तिको संरक्षणमा गम्भीर नकारात्मक असर पर्ने बोर्डको भनाइ छ । चलचित्र विकास बोर्डले सामाजिक सञ्जाल वा डिजिटल माध्यममा अनधिकृत रूपमा रेकर्ड गरिएका चलचित्रका दृश्य, क्लिप वा अन्य सामग्री पोस्ट गरिएको भए तत्काल हटाउन अनुरोध गरेको छ । चलचित्र हलभित्र कुनै पनि चलचित्रको भिडिओ वा अडिओ रेकर्डिङ नगर्न र यस्तो गतिविधिमा संलग्न नहुन आग्रह गरेको छ । बोर्डले सामाजिक सञ्जाल प्रयोगकर्ता, कन्टेन्ट क्रिएटर, पेज सञ्चालक तथा डिजिटल प्लेटफर्म प्रयोगकर्तालाई प्रतिलिपि अधिकारको सम्मान गर्दै जिम्मेवार र कानुनसम्मत व्यवहार अपनाउन आग्रह गरेको छ । त्यस्तै चलचित्र सञ्चालक तथा प्रदर्शकलाई क्याम-रेकर्डिङ र पाइरेसी नियन्त्रणका लागि आन्तरिक निगरानी प्रणाली थप प्रभावकारी बनाउन तथा यस्ता गतिविधि देखिएमा सम्बन्धित निकायलाई जानकारी गराउन पनि बोर्डले अनुरोध गरेको छ ।

*-सेतोपाटी डटकम*

# स्क्रब टाइफसबाट गुल्मीकी ३२ वर्षीया महिलाको मृत्यु



**गुल्मी,** साउन १९/गुल्मीमा स्क्रब टाइफस संक्रमणबाट ३२ वर्षीया एक महिलाको मृत्यु भएको छ । जिल्लाको धुर्कोट गाउँपालिका-४, जैसिथोक निवासी सीता पोखरेलको उपचारका क्रममा मृत्यु भएको हो ।

पोखरेल गत साउन १४ गते किराले टोकेपछि अस्वस्थ भई उपचारका लागि गुल्मी अस्पताल पुगेकी थिइन् । स्वास्थ्य परीक्षणका क्रममा उनलाई स्क्रब टाइफस संक्रमण भएको पुष्टि भएको अस्पतालले जनाएको छ । तर, त्यतिबेला गम्भीर लक्षण वा अन्य जटिलता नदेखिएकाले सामान्य उपचारपछि डिस्चार्ज गरिएको थियो । त्यसपछि उनी साउन १५ गते पुन: अस्पताल पुगेकी थिइन् । त्यसबेला पनि स्वास्थ्य अवस्था सामान्य देखिएकाले आवश्यक औषधि दिएर घर पठाइएको थियो । तर स्वास्थ्यमा अपेक्षित सुधार नआउँदै साउन १८ गते बिहान उनी घरमै अचानक बेहोस भएकी थिइन् । तत्काल उपचारका लागि पुन: गुल्मी अस्पताल ल्याइए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माका अनुसार घटनाबारे आवश्यक जानकारी संकलन गरिएको छ ।

घटनापछि मृतकका आफन्तले सुरुवातमै अस्पतालले भर्ना गरेर उपचार नगरेकाले यस्तो अवस्था आएको भन्दै आक्रोश व्यक्त गरेका थिए ।

यता अस्पताल प्रशासनले भने स्क्रब टाइफस पुष्टि भए पनि त्यतिबेला बिरामीमा गम्भीर लक्षण वा जटिल अवस्था नदेखिएकाले चिकित्सकीय मूल्याङ्कनका आधारमा भर्ना नगरी औषधिसहित घर पठाइएको स्पष्ट पारेको छ । मृतकको शव पोस्टमार्टमपश्चात सोमबार आफन्तलाई बुझाइ अन्त्येष्टिका लागि लगिएको प्रहरीले जनाएको छ । वर्षायामसँगै स्क्रब टाइफसका बिरामी बढ्न थालेकाले स्वास्थ्यकर्मीले ज्वरो, टाउको दुख्ने, शरीर दुख्ने, अत्यधिक कमजोरी तथा किराले टोकेको आशंका भएमा ढिलाइ नगरी स्वास्थ्य संस्थामा परीक्षण र उपचार गराउन सर्वसाधारणलाई आग्रह गरेका छन् ।

## खेलकुद समाचार

### मिडफिल्डर हेन्डरसन चेल्सीमा आबद्ध

**काठमाडौं,** साउन १८/ इङ्ग्ल्यान्डका मिडफिल्डर जोर्डन हेन्डरसन २ वर्षको सम्झौतामा चेल्सीमा आबद्ध भएका छन् । ब्रेन्टफोर्डसँगको सम्झौता आपसी सहमतिमा अन्त्य भएपछि ३६ वर्षीय हेन्डरसन चेल्सी पुगेका हुन् । हेन्डरसनको कप्तानीमा लिभरपुलले प्रिमियर लिग, यूईएफए च्याम्पियन्स लिग, एफए कप, २ वटा लिग कप, यूईएफए सुपर कप र फिफा क्लब विश्वकपको उपाधि जितेको थियो । सन् २०२३ मा हेन्डरसन साउदी अरेबियाको अल-इत्तिफाक पुगेका थिए । त्यसको १ वर्षपछि उनी नेदरल्यान्ड्सको आयाक्स हुँदै गएको सिजन ब्रेन्टफोर्डबाट पेरि प्रिमियर लिगमा फर्किएका थिए ।

उनले सन् २०२५-२६ सिजनमा ब्रेन्टफोर्डमा ३२ वटा खेल खेलेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



**पाल्पा,** साउन १९/ सेयर बजारमा दोहोरो अंकले गिरावट आएको छ । मंगलबार नेप्से परिसूचक २१ दशमलव १५ अंकले घटेर २ हजार ६ सय ६३ दशमलव १८ विन्दुमा अडिएको हो । नेप्से घटेसँगै कारोबार रकममा पनि सोमबारको तुलनामा कमी आएको छ ।

सोमबार परिसूचक १ दशमलव २० अंकले घटेर २ हजार ६ सय ८४ दशमलव ३३ विन्दुमा अडिएको थियो । सो दिन ४ अर्ब ५७ करोड मूल्य बराबरको कारोबार भएको थियो । यसदिन ३४३ वटा स्क्रिप्सको १ करोड ७ लाख ६१ हजार ३९६ कित्ता सेयर ४ अर्ब ७ करोड ८ लाख ५३ हजार ६१० रुपैयाँमा खरिदबिक्री भए । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ६६ अङ्कले घटेर ४६७ दशमलव ९६ पुगेको छ । त्यस्तै फ्लोट सूचक एक दशमलव ४० अङ्कले घटेर १८३ दशमलव ३३ मा पुगेको छ भने सेन्सेटिभ फ्लोट सूचक एक दशमलव आठ अङ्कले घटेर १५८ दशमलव ५७ मा पुगेको छ ।

मंगलबार विभिन्न कम्पनीका एक करोड सात लाख ६१ हजार ३९६ कित्ता सेयर चार अर्ब सात करोड आठ लाख ५३ हजार ६१० मा खरिद बिक्री भएको छ । यस दिन १३ उपसमूहमध्ये १३ वटै उपसमूह घटेका छन् । ५९ कम्पनीको सेयर मूल्य वृद्धि भएको छ भने २१३ कम्पनीको सेयर घटेको छ । साथै पाँच कम्पनीको सेयर मूल्य स्थिर छ । नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, खानीखोला हाइड्रोपावर कम्पनी, जोशी हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् ।

# रामपुरमा सार्वजनिक...

...नगरपालिकाले सञ्चालन गरेका ६९७ योजनामध्ये ६६४ वटा योजना सम्पन्न भएका छन् ।

सार्वजनिक सुनुवाइमा नेपाली काँग्रेस रामपुरका सभापति नेत्र प्रसाद भट्टराई, नेकपा (एमाले) रामपुर नगर उपाध्यक्ष विशाल श्रेष्ठ (अशोक), राष्ट्रिय स्वतन्त्र पार्टी रामपुरका अध्यक्ष बुद्धिप्रकाश रेग्मी, नगर सल्लाहाकार अर्जुन प्रसाद श्रेष्ठ, स्थानीयहरु अर्जुनजंग श्रेष्ठ, रुविया खातुन, लोकनाथ भट्टराई, सन्देश ढकाल, प्रेमप्रकाश श्रेष्ठ, गोविन्दप्रसाद भट्टराई, सम्सुल हक मियाँ, देवबहादुर घर्ती, दामोदर कँडेल, टीका सुनार, रविन भण्डारी, समीर पौडेल, मोनिका माझी, नारायणप्रसाद ढकाल तथा अटो व्यवसायी संघका अध्यक्ष चन्द्रबहादुर थापालगायतले स्वास्थ्य सेवा, शिक्षा, कृषि, नदीजन्य पदार्थ उत्खनन, क्रसर सञ्चालन, फोहोर व्यवस्थापन, सडक स्तरोन्नति, पार्किङ, सार्वजनिक यातायात, विशेष नापी, खेलकुद, ऐतिहासिक सम्पदाको संरक्षण तथा बजेट कार्यान्वयनलगायत विषयमा सुझाव र जिज्ञासा राखेका थिए । उपप्रमुख बालकुमारी थापाले नागरिकका सुझावलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरिन् । उनले सार्वजनिक सुनुवाइजस्ता कार्यक्रमले स्थानीय सरकारलाई पारदर्शी, उत्तरदायी र जनउत्तरदायी बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताइन् । रामपुर नगरपालिकाको आयोजनामा भएको कार्यक्रम सीताकुण्ड मिडिया प्रालिले सहजीकरण गरेको हो । नगर प्रवक्ता कपिल बहादुर खाँणले धन्यवाद ज्ञापन पत्रकार माधव अर्यालको सहजीकरणमा कार्यक्रम भएको थियो ।

# दाइजो बेचेर खाडी...

...यद्यपी, खाडी तथा मलेसियाजस्ता मुख्य गन्तव्य मानिएका देशहरूमा आठ लाखभन्दा बढी नेपाली श्रमिक रहेकामा ६० हजार महिला श्रमिक कागजविहीन रहेका ओरेकले अनुमान गरेको छ । महिला श्रमिकको तथ्याङ्क हेर्दा विगत १४ वर्ष (२०१० देखि २०२४) सम्म चार सय जनाको मृत्यु भएको देखिन्छ । सन् २०११ मा सात प्रतिशतभन्दा कम रहेको महिला श्रमिकको हिस्सा सन् २०२१ मा करिब ११ प्रतिशत पुगेको छ । श्रम स्वीकृतिको तथ्याङ्कअनुसार सन् २००८/९ मा चार प्रतिशतभन्दा कम रहेको महिला श्रमिकको हिस्सा सन् २०२३/२४ मा झण्डै १३ प्रतिशत पुगेको छ । बर्नेल युनिर्भसिटी अफ लन्डनका अनुसन्धानकर्ता आयुष भगतले 'ब्यान्ड टु डेथ' शीर्षकको अनुसन्धानको प्रारम्भिक निश्कर्षले महिला श्रमिकमाथि लैङ्गिक आधारमा लगाएको प्रतिबन्धले महिलाको मानवअधिकार खुम्चिएको उल्लेख छ । खासगरी नेपालले पहिलोपटक सन् २०१७ मा लागू गरेको प्रतिबन्धपछि औपचारिक रूपमा महिलाको श्रम आप्रवासन घटे पनि वास्तविक रूपमा खाडी मुलुकमा जाने महिलाको संख्या घटेको छैन । अनुसन्धानको अनुमानित तथ्याङ्क अनुसार हाल ६० हजारदेखि एक लाखसम्म नेपाली महिला खाडी मुलुकमा घरेलु कामदारका रूपमा कार्यरत छन् भने अनौपचारिक माध्यम प्रयोग गर्नेहरूको संख्या अझ बढी हुनसक्ने देखिन्छ । अनुसन्धानकर्ता भगतको रिसर्च प्रतिवेदनमा प्रतिबन्धले महिलालाई सुरक्षित रोजगारीबाट रोक्नुको सट्टा झन जोखिमपूर्ण र अनौपचारिक बाटो रोज्न बाध्य बनाएको निश्कर्ष निकालेको छ । यसले उनीहरूलाई श्रम शोषण, मानव बेचबिखन, बेपत्ता हुने, मृत्यु हुने तथा उद्धार र कानुनी संरक्षणबाट बञ्चित हुने जोखिमसमेत बढाएको पनि प्रतिवेदनमा उल्लेख । उक्त प्रतिवेदनमा कोभिड-१९ महामारीका बेला यस्तो समस्या स्पष्ट देखिएको थियो । सरकारले वैदेशिक रोजगारमा जाँदा हिंसामा परेका नागरिकको उद्धार प्रक्रियामा समेत विभेद रहेको छ । औपचारिक श्रम प्रणालीमा दर्ता भएका कामदारलाई मात्रै उद्धारको प्राथमिकता दिइँदा अनियमित माध्यमबाट विदेश गएका धेरै नेपाली महिला राज्यको सहयोगबाट बञ्चित भएका थिए । पछि मापदण्ड संशोधन गरिए पनि उक्त घटनाले प्रतिबन्धका कारण अनौपचारिक आप्रवासनमा जाने महिलाले राज्यको संरक्षण गुमाउने अवस्था सिर्जना भएको तथ्य उजागर गरेको थियो । अनुसन्धानकर्ता भगतले लैङ्गिकताका आधारमा महिलामाथि वैदेशिक रोजगारमा जाने अवसर रोक लगाउन नहुने बताउन्छन् । विदेश गएर घरको आर्थिक र पारिवारिक स्थिति सुधार्ने मात्रै नभई देशकै अर्थतन्त्रमा सहयोग पुर्‍याउँदै आएको उनी बताउन्छ । तर, राज्यले भने महिला कामदारलाई विदेशमा श्रम गर्न जाने वैधानिक बाटो खुला र व्यवस्थित गर्नु उचित हुने उनको अनुसन्धानको जोड छ । उनी भन्छन्, "समान रोजगार प्रदान गर्नु राज्यको दायित्व पनि हो ।" अनुसन्धानको प्रतिवेदनको निष्कर्षमा महिलाको वैदेशिक रोजगारीमाथि प्रतिबन्ध लगाउने नीति प्रभावकारी नभई उल्टै उनीहरूलाई थप असुरक्षित बनाउने माध्यम बनेको छ । त्यसैले प्रतिबन्ध भन्दा सुरक्षित, व्यवस्थित र अधिकारमा आधारित श्रम आप्रवासन नीति आवश्यक रहेको विषयमा जोड गरिएको छ ।


# कर्मचारी आवश्यकता

**प्रकाशित मिति : २०८३/०४/१४**

मिति २०८३/०३/१९ को यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम यस विद्यालयमा कर्मचारी (लेखापाल) आवश्यक परेकोले इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकहरुबाट देहायको विवरण अनुसारको दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**१. विज्ञापन नं. :** ०१/०८३
**२. पद :** लेखापाल (करार), **पद सङ्ख्या :** १ (एक) जना
**३. आवश्यक शैक्षिक योग्यता :** बिबिए/ बिबिएस वा सो सरह
**४. उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**५. दरखास्त बुझाउने अन्तिम मिति :** २०८३/०४/२६
**६. सम्पर्क मिति :** २०८३ /०४/२६ गते साँझ ४:०० बजेसम्म
**७. परीक्षाको किसिम :** लिखित/अर्न्तवार्ता वा दुवै
**८. तलव स्केल :** विद्यालयको नियम अनुसार
**९. परीक्षा हुने मिति :** सम्पर्क मितिमा जानकारी गराइनेछ ।
**१०. दरखास्त दस्तुर :** ५००/ (पाँच सय)
**११. आवश्यक कागजात :** शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपी, अनुभव प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, वायोडाटा र निवेदन सहित निवेदक स्वयं उपस्थित हुनुपर्नेछ ।

**सर्म्पक :** ०७५-५२२६२६, ९८५७०२८२४४, ९८४७०२९८५५

**श्री न्यू होराइजन आवासीय माध्यमिक विद्यालय**

**तानसेन -७ काजीपौवा, पाल्पा**


## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिदीपानी गाविस-६,हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5344577N का हवलदार लिलाम्बर थापा (ना.प्र.मा लिलाम्बर गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मनिसरा थापा र जन्म मिति सन् १९६४ डिसेम्वर १० (वि.स.२०२१/०८/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा मनिसरा गाहा, जन्म मिति वि.स. २०२२/०७/१० (सन् १९६५ अक्टुवर २६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको मस्याम गाविस-४, हाल तिनाउ गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5240877H का नायक लिल बहादुर थापा (ना.प्र.मा लिल बहादुर आले थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा डमर कुमारी र जन्म मिति सन् १९५५ जुलाई १३ (२०१२/०३/२९) र नेपाली नागरिकता प्रमाणपत्रमा डम्वर कुमारी आले, जन्म मिति २०१५/०४/०२ (सन् १९५८ जुलाई १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको खानीछाप गाविस-५ हाल टोखा नगरपालिका-११ काठमाडौं निवासी भारतीय भू.पू. सैनिक नं. 5739540 w का हवलदार झमान सिं थापा (ना.प्र.मा झमान सिं बाकाबल) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा गोमती मगर्नी र जन्म मिति सन् १९५० फेब्रअरी २६ (२००६/११/१५) र नेपाली नागरिकता प्रमाणपत्रमा गोमती बाकाबल,जन्म मिति २००६/०३/०४ (सन् १९४९ जुन १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई